# २०५७ सालको पुरस्कार जगदम्बा-श्रीद्वारा सम्मानित विद्वान् श्री दुर्गालाल श्रेष्ठको उद्‌गार

**श्रद्धेय सभापति, समादरणीय सहित्यका मूर्धन्य स्रष्टाहरू, आदरणीय अतिथिगण तथा मदन पुरस्कार गुठीका गुठियार, महिला तथा सज्जन महानुभावहरू,**

नेपाली भाषा मेरो आफ्नै भाषा हो। म यसमा लेख्छु, तापनि मूलतः म नेपाल भाषाको लेखक हुँ। यो भाषा मेरो मातृभाषा हो। न उद्देश्य, न चाहना नै थियो लेखक बन्ने तर त्यस्तै संवेदनशील परिस्थितिले मलाई यता डोऱ्यायो। छ दशकदेखि अद्यापि म यतै छु।

मेरो यात्राको आरम्भ २००४ साल, गाईजात्राको नाटक-डवलीवाट भएको हो। २००८ सालदेखि कविता र गीत लेखनतिर पनि म उन्मुख भएँ। पेसाको रूपमा मैले अपनाएको क्षेत्र एउटै थियो– अध्यापन। विद्यालयका साना नानीहरूसँगको सहवासले बालमनोभाव बुझ्ने अवसर मैले पाएँ। बालकै भएर कविता लेख्दै म बालकहरूको प्रिय भएँ। मेरा धेरैजसो बालगीत, कविता बालकहरूको सङ्गतकै प्रसाद हो। बालसुलभतासँग घुलमिल हुँदाको आनन्द मलाई थाहा छ। तर बालसाहित्य होस् वा प्रौढ जे लेख्दा पनि मेरो एउटै ध्यान हुन्थ्यो – सरल होस्, सरस होस्।

'जगदम्बा-श्री पुरस्कार'को समाचार मैले दाजु कमलमणि दीक्षितज्यूबाट पाएको थिएँ, फोनमा। पहिलो बधाई पनि उनैको थियो। वहाँको बधाईमा मैले कृतज्ञता जनाएँ। खुसी भएँ नै, तर यस्तो लाग्थ्यो यो पुरस्कार अरू जस्तै सामान्य हो। जब सञ्चार माध्यमबाट समाचार प्रसारित भयो, बधाईको ओइरो यति लाग्यो, तब म झल्याँस्सिएँ, 'जगदम्बा-श्री पुरस्कार'को उचाइ कति रहेछ !

'जगदम्बा-श्री पुरस्कार' त अरूले पनि पाए। तापनि त्यो भाग्यमानी पहिलो मान्छे मै हुँला, मातृभाषाको सेवा बापत पनि पुरस्कृत हुने। यो मदन पुरस्कार गुठीले चालेको समयसापेक्ष पाइला हो। बहुजातीय देश नेपालमा हरेक जाति समान अधिकारयुक्त भएमा मात्रै सबैको संस्कृति नेपालको आकाशमा इन्द्रेणीस्वरूप लर्किने छ र नेपाल साँच्चैको नेपाल हुने छ।

यो मेरो निमित्त उच्च स्तरीय प्राप्ति हो। आज म आफैप्रति गौरवान्वित छु। यसले मलाई जीवनप्रति अरू गम्भीर भएर आत्मप्रकाशन गर्न प्रेरित गरोस्।

यसपालिको मदन पुरस्कार पाउने स्रष्टा हुन् – सुश्री रुमक घिमिरे। उनी यो पुरस्कारको निमित्त अद्वितीय पात्र हुन्। मेरोमा भन्दा उनको यो प्राप्तिमा म बढी प्रफुल्लित छु।

हार्दिक कृतज्ञतासहित,
दुर्गालाल श्रेष्ठ
६ भदौ, २०६८